कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

## बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको

## प्रवन्धपत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम **"बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड"** अंग्रेजीमा **"BUDHIGANDAKI JALBIDHYUT COMPANY LIMITED"** हुनेछ, जसलाई यसपछि "कम्पनी" भनी सम्बोधन गरिनेछ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्लामा रहनेछ । कम्पनीको सम्पर्क कार्यालय आवश्यकता अनुसार अन्य जिल्लामा पनि रहन सक्नेछ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः** यो कम्पनीले गर्ने व्यवसाय एवं कारोवार विद्युत उत्पादन, बिक्री वितरण, सिंचाइ तथा पर्यटन प्रवर्द्धन हुनेछ।

४. **कम्पनीको उद्देश्यः** (१) गोरखा र धादिङ जिल्लाको सीमा नदीको रुपमा रहेको बुढीगण्डकी नदीको पानीबाट विद्युत उत्पादन गर्ने आयोजना संचालन गर्ने समेत कार्यका लागि स्थापना गरिएको यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ

क. विद्युत उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने,

ख. आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण ग्रिडमा आवद्ध गर्न आवश्यक प्रशारण प्रणालीको अध्ययन, निर्माण तथा संचालन गर्ने,

ग. सिंचाइको लागि पानी उपलब्ध गराउने,

घ. मत्स्य पालन लगायत आय आर्जनका अन्य कार्यक्रम सञ्चालन गर्ने गराउने,

ङ. पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास गरी पर्यटन व्यवसायबाट अर्थतन्त्रको विकास गर्ने,

च. आयोजनासँग सम्बन्धित संरचनाहरुको मर्मत सम्भार गर्ने,

छ. आयोजनाको सफल कार्यान्वयन तथा संचालनसँग सम्बद्ध तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र आफ्नो कारोबार प्रारम्भ गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गर्नुपर्नेछ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः

क. आयोजनाको सर्वेक्षण, अध्ययन, अन्वेषण, अनुगमन मूल्याङ्कन गर्ने गराउने,

ख. आयोजनाको लागत अनुमान स्वीकृत गर्ने,

ग. आयोजना विकासलाई कानून बमोजिम अनुमति लिने,

घ. आयोजना कार्यान्वयनका लागि आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका आधारमा बोलपत्र आव्हान गर्ने प्रयोजनका लागि बोलपत्र दस्तावेज तयार पार्ने,

ङ. प्रचलित कानूनको अधीनमा रही बोलपत्र स्वीकृत गर्ने,

च. आयोजनाको निर्माणको लागि सुपरीवेक्षण अनुगमन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार परामर्श सेवा लिने,

छ. कम्पनीको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र कार्यान्वयन गर्ने गराउने,

ज. आयोजनाको निरीक्षण गर्ने र निरीक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

झ. कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन लगायत आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

ञ. कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा सेवा शर्तहरु निर्धारण गर्ने,

ट. कम्पनीको नाममा बैंकमा खाता खोल्ने एवं सञ्चालन गर्ने,

ठ. कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने,

ड. कम्पनीको पूर्वाधार लगायतको सुरक्षाको लागि आवश्यकताअनुसार बीमा गर्ने,

ढ. कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको अधिनमा रही कम्पनीको नामबाट बण्ड, डिवेञ्चर तथा ऋणपत्र जारी गर्ने । कम्पनीको नामबाट शेयर, डिवेञ्चर, बण्ड तथा ऋणपत्र खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने,

ण. विद्युत उत्पादनसँग सम्बद्ध अन्य संरचनाको विकास, निर्माण तथा सञ्चालनका लागि प्रचलित कानूनको अधीनमा रही नेपाल सरकार र स्वदेशी वा विदेशी संस्थाहरुबाट ऋण तथा अनुदान प्राप्त गर्ने,

त. प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त अन्य व्यक्ति वा संस्थाले विकास, निर्माण तथा सञ्चालन गरेको विद्युत उत्पादनसँग सम्बद्ध अन्य संरचनाहरु प्रचलित कानूनको अधीनमा रही आफ्नो प्रणालीमा गाभ्न सक्ने,

थ. कम्पनीलाई आवश्यकता भएको खण्डमा सहायक कम्पनी स्थापना गरी अन्य जलविद्युत आयोजनाको निर्माण, विस्तार, सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने,

द. कम्पनीले आफ्नो कार्यक्षेत्र भित्रको कार्य सम्पादन गर्न आवश्यकता अनुसार प्रचलित कानून बमोजिम कार्य, सेवा तथा वस्तु आदि खरिद गर्न सक्नेछ र यसरी खरिद वा प्राप्त गर्दा

अपनाउनुपर्ने प्रक्रिया तथा कार्यविधि कम्पनीको विनियमावलीमा व्यवस्था गरिए बमोजिम हुनेछ,

ध. कम्पनीले कुनै खास काम सम्पन्न गर्न व्यक्तिगत, संस्थागत वा समूहगत ठेकेदार वा परामर्शदाता नियुक्त गरी काममा लगाउन सक्नेछ,

न. प्रचलित कानूनको अधीनमा रही प्रबन्धपत्रमा संशोधन गरी संस्थाको उद्देश्य प्राप्त गर्नका लागि गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्न सक्नेछ।

६. **कम्पनीको पूँजीको संरचनाः** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-

क. कम्पनीको अधिकृत पूँजी रु. २०,००,००,००,०००।- (अक्षरेपी बीस अर्ब रुपैयाँ) हुनेछ।

ख. कम्पनीको तत्काल जारी पूँजी रु. २०,००,००,००,०००।- (अक्षरेपी बीस अर्ब रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १,००।- (अक्षरेपी एक सय रुपैयाँ)दरका २०,००,००,००० (बीस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

ग. कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ) हुनेछ ।

घ. कम्पनीको जारी पूँजीबाट स्थानीय प्रभावित क्षेत्रका वासिन्दाका लागि १० प्रतिशत र सर्वसाधारणको लागि १० प्रतिशत गरी जम्मा २० प्रतिशत शेयर छुट्टाइएको छ।

| क्र.सं. | संस्थापकको नाम | स्वामित्व प्रतिशत |
|---|---|---|
| **समूह – क** | | |
| १. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ५०% |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय | ३०% |
| ३. | नेपाल विद्युत प्राधिकरण | २०% |

ङ. संस्थापक शेयर धनीहरुलाई समूह “क” मा वर्गीकरण गरिएको छ।

च. सर्वसाधारणलाई बिक्री गरिने शेयर खरिद गर्ने शेयर धनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ।

छ. जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्ति/संस्था/निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

ज. प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

७. **कम्पनीको शेयरको किसिमः** हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको कारण कम्पनीको शेयरका किसिम साधारण शेयर मात्र हुनेछ ।अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको अधीनमा रही त्यस्तो शेयर जारी गर्न सकिनेछ।

८. **शेयर खरिद वा हस्तान्तरण सम्बन्धी व्यवस्थाः**

क. कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँच वर्षसम्म कम्पनीको संस्थापक शेयर बेचविखन गर्न वा धितोबन्धक राख्न पाइने छैन।

तर प्रचलित कानूनको अधीनमा रही विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन।

ख. नेपाल सरकारको स्वामित्वमा रहेको शेयर नेपाल सरकारको मातहतका निकाय, प्रदेश सरकार वा स्थानीय तह बाहेक अन्य संस्थालाई बेचविखन तथा हक हस्तान्तरण गर्न पाइने छैन।

ग. शेयर हस्तान्तरण सम्बन्धी अन्य कुराहरु प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

९. **शेयर वापतको रकमको भुक्तानीः** (१) कम्पनीले आफ्नो आवश्यकताअनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयर वापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. **शेयर धनीको अधिकतम संख्याः** यो कम्पनी पब्लिक लिमिटेड कम्पनी भएकोले हाललाई शेयर धनीको अधिकतम संख्या निर्धारण गरिएको छैन।

११. **शेयर धनीको दायित्व** :- यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम मूल्यसम्म मात्र सीमित रहनेछ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

१२. **अन्य आवश्यक कुराहरुः** (१) कम्पनीको संस्थापना गर्दा लाग्ने खर्च कम्पनीले व्यहोर्ने छ।

(२) संस्थापकले शेयरको रकम कम्पनीको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) आयोजनाको अध्ययन, जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्तिको लागि नेपाल सरकारबाट कम्पनी संस्थापना हुनु भन्दा अगाडि भएका सम्पूर्ण खर्च तथा दायित्वहरु यसै कम्पनीले सकार्ने व्यहोर्नेछ।

(४) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन।

(५) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन।

(६) कम्पनीले प्रचलित कानूनले बन्देज लगायतका कार्यहरु गर्न पाउने छैन।

(७) यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीको स्वामित्व संरचनामा नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत शेयरभन्दा कम हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संरचनामा कुनै परिवर्तन गरिने छैन।

१३. **कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्थाः** (१) विद्युत उत्पादनमा गरिएको लगानी पूर्वाधारमा गरिएको लगानी हो । जलशाययुक्त विद्युत उत्पादनको लागि ठूलो धनराशी आवश्यक पर्ने भएको र निजी क्षेत्रको आकर्षण कम भएको हुँदा यति ठूलो आयोजना संचालन गर्न पूँजीको अभाव हुने देखिएकोले यस प्रकारको कम्पनी स्थापना हुन अपरिहार्य भई कम्पनी ऐन, २०६३ को परिधिभित्र यो कम्पनीको संस्थापना गरिएको छ।

(२) यो कम्पनी संस्थापना प्रयोजनका लागि नेपाल सरकारले बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड नामको एक छुट्टै स्वशासित संस्था कम्पनी ऐन, २०६३ बमोजिम स्थापना गर्ने निर्णय गरिसकेको छ।

१४. **संशोधन भएको प्रबन्धपत्र लागू हुने अवस्थाः** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

तर नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत शेयरभन्दा कम हुने गरी यस कम्पनीको संरचना परिवर्तन गर्ने गरी प्रबन्धपत्रमा संशोधन हुने छैन।

१५. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ।

१६. **संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या र उद्घोषणः** हामी बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लिखित हाम्रो नाम, ठेगाना, सहीछाप हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौंः

कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

| संस्थापक नाम, ठेगाना र सहिछाप | बाबु/पति को नाम | नागरिकताको प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम,थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नामः नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय तर्फबाट श्री सुनिल पौडेल<br>सहसचिव<br>ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९, सिंहदरबार<br>फोन नं.<br>फ्याक्सः<br>ई– मेलः<br>पो.व.नं.<br>दा. वा. | तेजनाथ शर्मा पौडेल | २०८६० पर्वत | ८,००,००,००० | द.<br>नामः पुष्कर सापकोटा<br>ठेगानाः काठमाडौं जिल्ला,<br>काठमाडौं महानगरपालिका, वडा नं. २९<br>दा. वा. | २५४२ / स्याङ्जा |
| द.<br>नामः नेपाल सरकार, अर्थ मन्त्रालय तर्फबाट श्री<br>राजेश्वर ज्ञवाली<br>सहसचिव<br>ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९<br>सिंहदरबार<br>फोन नं.: | कविश्वर ज्ञवाली | ना.प्र. ९।५८० नवलपरासी | ४,८०,००,००० | द.<br>नामः लक्ष्मी कुमारी अधिकारी<br>ठेगानाः अर्थ मन्त्रालय,<br>काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९ | ८४०९९ /कास्की |

| | | | | | |
|---|---|---|---|---|---|
| फ्याक्सः<br>इ– मेलः<br>पो.व.नं.:<br>दा. वा. | | | | दा. वा. | |
| द.<br>नामः नेपाल विद्युत प्राधिकरणको तर्फबाट<br>श्री कुलमान घिसिङ<br>कार्यकारी निर्देशक<br>ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई– मेलः<br>पो.व.नं.<br>दा. वा. | कृष्ण सिंह घिसिङ (तामाङ) | ना.नं. ७.२१.२१ काठमाडौं | ३,२०,००,००० | द.<br>नामः किरण ओलिचयेो<br>ठेगानाः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका, वडा नं. २९<br>दा. वा. | २६६/१०३४५ कन्चनपुर |

इति संवत् २०७९ साल ............... महिना .......गते रोज.................................. शुभम् ।

सहायक रजिष्ट्रार

२०८०।०४।१६